गुल्मीदरबार गाउँपालिका
Gulmidarbar Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
गौडाकोट, गुल्मी
Gaudakot, Gulmi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

च.नं./Ref.No.:
प.सं./Let.No.:

मिति : २०७८।०५।०१

## गुल्मीदरबार गाउँपालिकाको अपिल

गुल्मीदरबार गाउँपालिका जनताको नजिकको स्थानीय सरकारको रुपमा रहेको विदितै छ । गाउँपालिकाले जनतालाई केन्द्रमा राखेर विभिन्न कृयाकलाप र विकास निर्माण सम्वन्धीका कार्यक्रमहरु संचालन गरिरहेको छ । गाउँपालिकाले आफ्नो नीति तथा कार्यक्रम अन्तर्गत रही सम्पूर्ण जनप्रतिनिधि र कर्मचारीहरु समन्वय र सहकार्य गर्दै कार्य सम्पादन गरिरहेका छौं । जनताको सेवामा सम्पूर्ण जनप्रतिनिधि र कर्मचारी प्रतिवद्ध, कटिवद्ध भई तन, मन र कर्मले कार्य गरिरहेका छौं । नेपालको संविधान र विद्यमान ऐन, कानून अनुसार तीनै तहका सरकारहरुवाट सहकार्य र समन्वय गरी नागरिकलाई केन्द्रमा राखी विकास निर्माण लगायतका कार्यहरु संचालन भैरहेका छन् । यसै सन्दर्भमा असार देखि आएको निरन्तरको वर्षातको कारणले कमजोर भू-बनोट, गत वर्ष चर्किएको जमिनहरुमा पहिरो गई गाउँपालिकाका विभिन्न वडाका सडकहरु अवरुद्ध भएको हुंदा गाउँपालिकाले त्यस्ता अवरुद्ध सडकहरुलाई तत्कालै सुचारु गरिरहेको अवस्थामा निरन्तरको वर्षात र कमजोर भूवनोटको कारण खर्ज्याङ्ग-दरवार-घुम्ती-गौडाकोट-जुभुङ्ग-मजुवा सडक खण्ड अन्तरगत गुल्मीदरवार गाउँपालिका वडा नं. ३ स्थित सुपाखोला र निदुरको २ स्थानमा पहिरो गई सडक अवरुद्ध भएको थियो । सुपाखोलाको पहिरो गाउँपालिकाले २/२ पटक हटाई यातायात संचालन गरिरहेको अवस्थामा श्रावण पहिलो हप्तामा निदुर र सुपा खोला दुवै स्थानमा ठुलो पहिरो गई सडक अवरुद्ध हुन पुग्यो । यो सडक मदन भण्डारी राजमार्ग योजना कार्यालय तम्घासको समेत कार्यक्षेत्र भित्र पर्ने हुंदा उक्त कार्यालयसंग समन्वय गर्दै सडक पहिरो पन्छाउने कार्यको सुरुवात श्रावण १४ गते देखि गरिएकोमा मेशिनको प्राविधिक समस्याका कारण उक्त मेशिन पुनः मर्मत संभार गरी १८ गते देखि निरन्तर पहिरो पन्छाउने कार्य गरिएको सन्दर्भलाई जोडेर केही व्यक्तिहरुले फेसबुक लगायत सामाजिक संजालको ग्रुप, पेज र आफ्ना स्टाटस मार्फत जनताको स्थानीय सरकार विरुद्ध, स्थानीय सरकारका जनप्रतिनिधि र कर्मचारी विरुद्ध अफवाह फैलाउने कार्य गरेको प्रति गाउँ कार्यपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ । सो सम्वन्धमा उठेका केही चासो गुनासो र जिज्ञासाहरुलाई देहाय वमोजिम स्पष्ट पार्न चाहन्छौं ।

### १. पहिरो पन्छाउन ढिलाई भएको भन्ने गुनासोको सन्दर्भमा

सुपा खोलामा गाउँपालिकाले २/२ पटक पहिरो पन्छाउने कार्य गरेको अवस्थामा पुनः सुपा खोला नजिकै र निदुरमा ठूलो पहिरो गए पश्चात स्थलगत प्राविधिक निरीक्षण गर्दा उक्त पहिरो पन्छाउन धेरै दिन लाग्ने भएकोले गाउँपालिकाले उक्त सडक हेर्ने कार्यालयसंग समन्वय गरी सडक सुचारु गराउन मदन भण्डारी राजमार्ग योजना कार्यालय तम्घासले मिति २०७८।०४।१४ गते देखि सडकको पहिरो पन्छाउने कार्य गर्ने क्रममा मेशिनमा प्राविधिक समस्या उत्पन्न भई मेशिनको मर्मतको आवश्यक सामग्री मगाई १८ गते देखि निरन्तर रुपमा कार्य



Scanned with CamScanner

गरिरहेको । अविरल वर्षाको कारणले ३ दिन सम्म उक्त स्थानमा काम गर्न नसकिएको र सुपाखोलामा रहेको मन्दिर उद्घाटन कार्यक्रममा नागरिकहरुलाई आवतजावत गर्दा समस्या भएकोले उक्त दिन पहिरो पन्छाउने कार्य वन्द गरिएको र श्रावण ३२ गते सम्म लगातार ११ दिन सम्म काम भएको । पहिरोले वाटोको १२ मिटर लामो वेसलाईन नै बगाएकोले नयाँ वेसलाईन वनाउनु पर्ने अवस्था भएको । उक्त स्थान कमजोर भौगोलिक वनावट, भिरमा ठुला ठुला ढुङ्गा, कमजोर माटो सहितको ढुङ्गा र माथि डाँडो नै भासिएर वाटो भन्दा धेरै माथिवाट पहिरो गएको र तल ठाडो भिर भएकोले वाटो माथि अड्कीएको पहिरो र ढुङ्गा हटाउन र वाटोको नयाँ वेसलाईन निर्माण गर्न डाँडो माथिवाट र्‍याम सहितको स्टेप कटिङ्ग गर्नु पर्ने भएकोले २५ गते सम्म स्टेप कटिङ्ग गर्ने कार्य गरी २६ गते देखि ३२ गते सम्म बाटोको वेसलाईन निर्माण गरि भाद्र १ गते देखि यातायात सुचारु हुने गरी सडक संचालनमा आएको

## २. ढुङ्गा सम्वन्धमा

स्थानीय सरकारले आफ्नो क्षेत्राधिकार भित्र रहेर कार्य गरिरहेको र उक्त सडक मदन भण्डारी राजमार्ग योजना कार्यालयको क्षेत्राधिकार भित्र पर्ने हुनाले सम्वन्धित कार्यालयले निर्माण व्यवसायीसँग सम्झौता गरी कार्यदिश दिएको र गाउँपालिकाले उक्त कार्यको अनुगमन, निरीक्षण तथा समन्वय गर्ने कार्य गरेको । बाटो भन्दा माथि जमिन भासिएर पहिरो गएको कारणले माथि अडिएका ढुङ्गाहरु माटो सहित निरन्तर झरीरहने हुँदा सानो सानो पहिरो र ढुङ्गा अड्याउन स्टेप कटिङ्ग सहित र्‍याम्प निर्माण गरी डोजर अपरेटरलाई सुरक्षित हुने गरी कार्य गर्ने वातावरण वनाइएको । पहिरो गएको स्थानवाट ठुला ठुला ढुङ्गा फाल्दा तलपट्टी रहेको निदुर जाने बाटोलाई क्षति हुनवाट जोगाउन र डोजर अपरेटरलाई सुरक्षित तवरले कार्य गर्ने वातावरण सृजना गर्न पहिरोमा अड्कीएका ढुङ्गाहरुलाई झारी जोखिम कम गरी ढुङ्गा पन्छाई पहिरो सोर्ने कार्य भएको । वाटोको पहिरो पन्छाउने क्रममा केही ढुङ्गाहरु सम्वन्धित ठेकदारले आफ्नै खर्चमा व्यवस्थापन गरेको हुंदा गाउँपालिकासँग ढुङ्गाको कुनै सम्वन्धनै नभएको, गाउँपालिकाले ढुङ्गा गिट्टी वालुवा विक्री वितरण गर्दा आफ्नो छुट्टै कानूनी प्रकृया अनुसार नै गर्ने भएकोले गाउँपालिकाको कुनै संलग्नता नभएको । गाउँपालिकाको कुनै जनप्रतिनिधि र कर्मचारी संलग्न भएको भए कुन जनप्रतिनिधि र कुन कर्मचारी संलग्न छ किटानी सहित जानकारी गराउनु भई कानूनको दायरामा ल्याउन सहयोग गर्नुहुन अनुरोध गर्दछौं ।

## ३. गाउँपालिकाको भूमिका सम्वन्धमा

गुल्मीदरवार गाउँपालिकाका सम्पूर्ण नागरिकहरुले निर्वाचित गरि पठाएका जनप्रतिनिध मार्फत जनताको स्थानीय सरकार जनताको लागि सधै कार्य गरिरहेको छ । संविधानको धारा २३२ वमोजिम स्थानीय सरकारले संघ, प्रदेश र स्थानीय तह वीच सहकारीता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित रहि आ-आफ्नो क्षेत्राधिकार भित्र कार्य



Scanned with CamScanner

गरिरहेको छ । स्थानीय सरकारले संघ तथा प्रदेश मातहतका निकायहरुसँग कार्य गर्दा समन्वय गरी कार्य गरिरहेको हुन्छ । उक्त सडक संघ अन्तर्गतको कार्यालयको कार्यक्षेत्र भित्र पर्ने हुनाले गाउँपालिकाले समन्वयकारी भूमिकामा रही निरन्तर निगरानी, अनुगमन, निरीक्षण समेत गरिएको । बाटोको पहिरो पन्छाउने कार्य शुरु भएको मिति २०७८।०४।१८ गते देखि निरन्तर का.वा. अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, प्राविधिक कर्मचारी समेतले दैनिक अनुगमन निरीक्षण गरिरहेको र उक्त बाटोको पहिरो छिटो भन्दा छिटो पन्छाउन श्रावण २० गते थप १ मेशिन समेत मगाई कार्य गर्ने क्रममा जमिनको भू-बनोट, तल र माथि पहिरो र पहिरोको वीचमा मेशिन चलाउनु पर्ने, एउटा मेशिनले काम गर्ने क्रममा मेशिन नै भासिएको हुँदा एकै पटक २ वटा मेशिन प्रयोग गरी कार्य गर्न नसकिने प्राविधिक परामर्श पश्चात थप मेशिन फिर्ता गरि जोखिमलाई मध्यनजर गरी एउटा मेशिनवाट मात्र काम भएको । जिल्लामा निषेधाज्ञा समेत जारी भएको अवस्थामा गाउँपालिकाले वैकल्पिक सडक जुभुङ्ग-सिस्ने-विरवासलाई संचालनमा ल्याई अत्यावश्यक यातायातलाई संचालन गरिरहेको र अर्को वैकल्पिक सडक जुभुङ्ग-रेसुङ्गा-तम्घासलाई समेत संचालन गर्ने तयारी गरेको ।

गुल्मीदरवार गाउँपालिकाले जनतालाई केन्द्रमा राखी सेवा प्रवाह र विकास निर्माणका कार्यहरु गरिरहेको छ । गाउँपालिकाले आफ्ना गतिविधिहरु समावेश गरी नियमित रुपमा मासिक ई-वुलेटिन प्रकाशन गरी नागरिकको सूचनाको हकको प्रत्याभूति गरिरहेको छ । नियमित रुपमा सार्वजनिक सुनुवाई, चौमासिक तथा वार्षिक समिक्षा गरी आम नागरिकको चासो गुनासोको सम्वोधन गरीरहेको छ । नागरिकको चासो, गुनासो र प्रतिकृया समेटने गरी जनप्रतिनिधि र कर्मचारीलाई नागरिकप्रति जवाफदेही वनाउन जनतासँग गाउँपालिका रेडियो कार्यक्रम समेत संचालन गरेको विदितै छ । एउटा सवल र सक्षम स्थानीय सरकारका विरुद्ध विभिन्न व्यक्तिहरुले सामाजिक संजालको दुरुपयोग गरी आम नागरिकलाई गलत सूचना र अफवाह फैलाई गाउँपालिकाको गतिविधिहरुमा अनावश्यक टिका टिप्पणी, अफवाह फैलाउने हर्कतहरु प्रति गाउँपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ । गलत कृयाकलापमा जो कोही संलग्न कर्मचारी र जनप्रतिनिधि छ उसलाई कानूनको दायरामा ल्याई कारवाही हुने स्पष्ट गर्न चाहन्छौं । सूचना सम्प्रेषण गर्दा तथ्यपरक सूचनाहरु सम्प्रेषण गरी कानूनको रक्षा गर्न समेत आग्रह गर्दछौं । कपोलकल्पित, तथ्यहिन र भ्रामक सूचना सम्प्रेषण गरी जनताको स्थानीय सरकार, सरकारका जनप्रतिनिधि तथा कर्मचारीलाई आक्षेप नलगाई तथ्य प्रमाण सहित आरोप पुष्टि गर्नुहुन सम्वन्धित सवैमा हार्दिक अपिल गर्दै आम नागरिकको सुख दुःखमा स्थानीय सरकार सदैव रहेको छ र रहने नै छ । जय गुल्मीदरवार

२०७८।५।०१
(लक्ष्मण पाण्डे)
प्रमुख प्रशासकीय अधिकृत

(मिना भण्डारी)
का.वा. अध्यक्ष



Scanned with CamScanner